# बाढी पिडित परिचय-पत्र विवरण निर्देशिका २०७६,

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७६।१०।१४

प्रमाणित

२०७६।१०।१४

महाकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रस्तावना :

नेपालको संविधानले स्थानीय तहलाई अनुसूचि ८ बमोजिम एकल अधिकार र अनुसूचि ९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार हुने व्यवस्था गरेको छ । सो व्यवस्था अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ११ उपदफा (२) को खण्ड (५) मा स्थानीय स्तरका विपद् जोखिम न्यूनीकरण सम्बन्धी योजना तर्जुमा कार्यान्वयन तथा नियमन सम्बन्धी अधिकार रहेको छ । नेपाल र भारतको सीमा नदीका रुपमा निरन्तर बहने महाकाली नदीमा २०७० साल असार २ र ३ गते आएको अकल्पनीय एवं विनासकारी बाढीबाट सयौं परिवार घरबार विहीन हुनुका साथै अरबौं रकम बराबरको धनमाल क्षति भएको पाँच बर्ष वितिसक्दा समेत राज्यका तर्फबाट पिडित परिवारहरुको पीडामा मलह्म लगाउने गरी राहत, क्षतिपूर्ति र पुनःस्थापनाका कार्यक्रम सञ्चालन हुन नसकिरहेको अवस्थामा महाकाली नदीमा आएको बाढीबाट घर सम्पत्ति गुमाएका बाढी पिडित एवं २०७० साल पछि महाकाली नदी प्रणलीका सहायक खोलाहरुबाट बाढी पिडित भई आफ्नो ज्यान तथा धन सम्पत्ति गुमाएका परिवारहरुलाई यस नगरपालिकाको तर्फबाट सक्दो सहुलियत एवं सुविधा प्रदान गर्ने उद्देश्य पूर्ति गर्न बाढी पिडित परिचय पत्र विवरण सम्बन्धी कानून बनाई कार्यान्वयन गर्नु वान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बनेको महाकाली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा (४) बमोजिम महाकाली नगरपालिकाले बाढी पिडित परिचय पत्र विवरण निर्देशिका २०७६ नगर कार्यपालिका बैठकबाट स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "बाढी पिडित परिचय पत्र विवरण निर्देशिका, २०७६" रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुने छ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः**

क) ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ,

ख) नियमावली भन्नाले स्थानीय सरकार सञ्चालन ऐन बमोजिम बनेको नियमावलीलाई सम्झनु पर्दछ,

ग) नगरपालिका भन्नाले महाकाली नगरपालिकालाई सम्झनु पर्दछ,

घ) नगरसभा भन्नाले महाकाली नगर सभालाई सम्झनु पर्दछ,

ङ) प्रमुख भन्नाले महाकाली नगरपालिकाका नगर प्रमुखलाई सम्झनु पर्दछ,

च) उपप्रमुख भन्नाले महाकाली नगरपालिकाका नगर उपप्रमुखलाई सम्झनु पर्दछ,

छ) नगरकार्यपालिका भन्नाले महाकाली नगरकार्यपालिकालाई सम्झनु पर्दछ,

ज) कार्यालय प्रमुख प्रशासकीय अधिकृत भन्नाले महाकाली नगरकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत वा निजको काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्दछ,

झ) कार्यालय भन्नाले महाकाली नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ



प्रमुख प्रशासकीय अधिकृत

ञ) बाढी पिडित भन्नाले महाकाली नगरपालीकामा २०७० सालमा आएको बाढीका कारण पिडित परिवारलाई जनाउनेछ ।

३ उद्देश्यः

(क) बाढी पिडितहरुको पहिचान गर्ने र स्थानीय तहमा नै बाढी पिडितहरुको लगत राख्ने ।

(ख) नगरसभा एवं नगर कार्यपालिकाको निर्णय बमोजिम पिडित परिवारहरुलाई सुहुलियत एवं सुविधा सहज रुपमा प्रदान गर्ने,

(ग) पिडित परिवारहरुलाई लक्षित विविध योजना तथा कार्यक्रम सञ्चालन गरि बाढी पिडितलाई आर्थिक, सामाजिक रुपमा सबल, सक्षम बनाउन प्रयत्न गर्ने,

४. परिचय पत्र विवरणका आधारः

२०७० सालको महाकाली नदीमा आएको बाढीबाट आफ्नो घर सम्पत्ति गुमाएका वा २०७० सालमा महाकाली नदी प्रणालीका सहायक खोलाहरुबाट बाढी पिडित भई जिल्ला दैवी प्रकोप उद्धार समितिले बाढी पिडित भनि सुचीकृत एवं निर्णय गरेका महाकाली नगरपालिका क्षेत्र भित्र स्थायी बसोबास गर्ने लगायतका आधारमा यो बाढी पिडित परिचय पत्र विवरण गरिनेछ ।

५. लक्षित वर्गः

महाकाली नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने बाढी पिडित र महाकाली नदी प्रणलीका सहायक खोलाहरुबाट बाढी पिडित भएका तथा जिल्ला दैवी प्रकोप उद्धार समितिबाट सूचीकृत एवं निर्णय भएका बाढी पिडितहरु यस निदेर्शिका बमोजिम लक्षित बर्ग मानिनेछन् ।

## परिच्छेद-२

## समितिको गठन, काम, कर्तव्य र अधिकार

६. समितिको गठन र कार्यक्षेत्र

६.१) महाकाली नगरपालिका भित्र रहेका बाढी पिडितको उत्थान र विकासका लागि नीति, योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न महाकाली नगरपालिकाको बाढी पिडित परिचय विवरण निदेर्शिका बाढी पिडित परिचय पत्र विवरण समिति गठन गरीनेछ

६.२) समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन् :-

| | |
|---|---|
| क) नगर प्रमुख - | संयोजक |
| ख) नगरपालिकाको समाजिक विकास समितिको अध्यक्ष १ जना | सदस्य |
| ग) सम्वन्धित वडाका वडा अध्यक्षहरु | सदस्य |
| घ) कार्यपालिकाले तोकेको १जना महिला सहित कार्यपालिका सदस्यहरु मध्ये २ जना | सदस्य |
| ङ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |



प्रमुख प्रशासकीय अधिकृत

च) नगरपालिकाको बाढी पिडित संगठनका संयोजक — सदस्य
छ) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य
ज) पुर्वाधार विकास शाखा प्रमुख — सदस्य-सचिव

६.३) समितिको कार्यक्षेत्र महाकाली नगरपालिका क्षेत्र हुनेछ ।

**७. समितिको काम, कर्तव्य र अधिकारः**

१) महाकाली नगरपालिका भित्र रहेका बाढी पिडितको उत्थान र विकासका लागि संघ, प्रदेश सरकारले लागु गरेका ऐन, नीति, कानुन वमोजिम योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

२) बाढी पिडितका छोरा छोरीहरुलाई माध्यमिक तह सम्म, प्राविधिक र व्यवसायिक शिक्षामा छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था सम्बन्धी कार्यक्रम संचालन गर्ने, गराउने,

३) आर्थिक सशक्तीकरणका विभिन्न क्रियाकलाप संचालन, जग्गा लिजमा लिई कृषि व्यवसाय, साना तथा मझौला व्यवसाय संचालनका लागि सहुलियत ब्याजमा ऋण तथा अनुदानको व्यवस्था गर्ने गराउने,

४) बाढी पिडित भूमिहीन, आवास विहिन परिवारहरुको पहिचान र सुचिकृत गरी प्रमाणित गर्न सिफारिस गर्ने र संघ र प्रदेश सरकारले संचालन गरेका कार्यक्रम समन्वय र सहयोग गर्ने,

५) बाढी पिडितलाई प्राविधिक तथा व्यवसायिक शिक्षा र उद्यमशिलता तालिम प्रदान गर्न सहयोग गर्ने,

६) बाढी पिडितको विकासका लागि आवश्यकता अनुसार सरकारी, गैह्र सरकारी, नीजि र विदेशी संघ संस्था सित समन्वय र सहकार्य गर्ने गराउने,

७) सिपमुलक, आयमुलक र जनचेतनामुलक कार्यक्रम संचालन गर्ने,

८) नगरपालिकाले तोकेका अन्य कार्य गर्ने, गराउने,

## परिच्छेदद-३
## समितिको बैठक सम्वन्धी व्यवस्था

**८. समितिको बैठकः**

१) समितिको बैठक आवस्यकता अनुसार बस्नेछ र आवश्कता अनुसार बैठक बोलाउन सकिनेछ,

२) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले समितिको बैठक बोलाउने छ,

३) समितिमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ,

४) समितिको बैठकमा सम्बन्धित पदाधिकारी तथा बिषय विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ साथै नगरपालिकाका अन्य पदाधिकारीलाई आवश्यकतानुसार बैठकमा आमन्त्रण गर्न सक्नेछ,

५) समितिका बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ संयोजकको अनुपस्थितिमा समितिको जेष्ठ सदस्यको अध्यक्षतामा बैठक बस्न सक्नेछ,

६) समितिको बैठकमा बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ,

६) समितिको बैठकको निर्णय समितिका संयोजकबाट प्रमाणित गरिनेछ,

७) समितिको बैठक संचालन व्यवस्थापन नगरपालिकाको बैठक संचालन कार्यविधि बमोजिम हुनेछ,
८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४
## परिचय–पत्र विवरण प्रकृया

**९. परिचयपत्र विवरण प्रक्रिया देहाय बमोजिम हुनेछ**

१) बाढी पिडित भएका परिवारका लागि स्थायी ठेगाना भएको वडा कार्यालय मार्फत बाढी पिडित भएका व्यक्ति स्वयम् वा निजका परिवार वा संरक्षकले अनुसुची–१ बमोजिमको ढाँचामा परिचयपत्र प्राप्तिका लागि सबै पुष्ट्याई गर्ने तपसील बमोजिम २ प्रति कागजातहरु समावेश गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ थान,
ख) जिल्ला प्रशासन कार्यालय दार्चुलाबाट बाढी पीडित प्रमाणित भएको सिफारिस,
ग) सम्बन्धित वडा कार्यालयको स्थायी बासिन्दा भएको सिफारिस,
घ) अटो साईजको फोटो २ प्रति,
ङ) जग्गाधनी प्रमाण पत्रको प्रतिलिप, (घर जग्गा बगेका पिडितहरुको हकमा मात्र)
च) नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि,

२) दरखास्तमा आफ्नो नाम, स्थायी ठेगाना, उमेर, जग्गा . घर धनि प्रमाण पत्र र नागरीकता प्रमाणित प्रतिलिपी, अटोसाइजको २ प्रति फोटो यस प्रयोजनको लागि नाता प्रमाण पत्र वा नागरीकताको प्रमाण पत्र वा जग्गा धनी प्रमाण पुर्जा, जिल्ला प्रशासन कार्यालय दार्चुलाबाट बाढी पिडित प्रमाणित भएको सिफारीस पत्र वा मतदाता परिचय पत्र वा यस्तै बिश्वस्त हुन सक्ने आधार दिने अन्य प्रमाणित लिखितलाई आधार मानिनेछ बाढी पिडित परिचय पत्र विवरण प्राप्तीका लागि पिडितले प्रमुख प्रशासकीय अधिकृत समक्ष आवेदन दिन सक्नेछ

३) रित पुगी आएको निवेदनमा वडा कार्यालयले निवेदन प्राप्त भएमा निवेदकले पेश गरेका कागजातहरुको एक प्रति कार्यालयमा राखि वडा कार्यालयको सिफारिस सहित एक प्रति नगरपालिकामा पठाउनु पर्दछ,

४) सम्बन्धित व्यक्तिले पेश गरको निवेदन उपर कुनै कागजात वा प्रमाण नपुगी परिचयपत्रका लागि सिफारिस गर्न उपयुक्त नदेखिएमा सो व्यहोरा निवेदकलाई जानकारी दिनु पर्दछ

५) यसरी प्राप्त भएको निवेदन समेतबाढी पिडित समितिको बैठकमा पेश गर्नु पर्दछ निवेदकले पेश गरेका कागजात र अन्य सम्भाव्य तथ्य प्रमाणका आधारमा निजले परिचय पत्र पाउने देखियो भनि स्थानीय बाढी पिडित समितिले सिफारिस गरेमा निजलाई परिचय पत्र विवरण गरी त्यसको जानकारी निवेदक तथा वडा कार्यालयलाई समेत दिनु पर्दछ,

६) परिचयपत्र प्राप्त व्यक्तिहरूको बर्गीकृत लगत महाकाली नगरपालिकाले कम्प्युटराइज गरी आफ्नो कार्यालयमा राखी सम्बन्धित वडा कार्यालयमा जानकारी गराउनु पर्नेछ

७) समितिले परिचयपत्र दिन भनी ठहर गरेका परीवार . व्यक्तिलाई अनुसुची १ बमोजिमको परिचयपत्र निःशुल्क उपलब्ध गराउनु पर्नेछ

८) परिचयपत्रमा नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतको हस्ताक्षर वाट जारी गरीनेछ प्रचलित कानूनको अधिनमा रही अन्य अधिकृत कर्मचारीलाई समेत अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

**१०. प्रतिलिपि सम्बन्धी व्यवस्थाः**

१) परिचयपत्र हराइ, नासिइ वा बिग्री परिचयपत्रको प्रतिलिपि लिनु पर्ने भएमा आफ्नो स्थायी ठेगाना भएको महाकाली नगरपालिकाको वडा कार्यालयमा यथार्थ विवरण र कारण खुलाई सिफारिसका लागि निवेदन दिनु पर्दछ,

२) वडा कार्यालयले सबै व्यहोरा बुझि निवेदकको माग मनासिब देखिएमा परिचयपत्रको प्रतिलिपी उपलब्ध गराउन प्राप्त निवेदन तथा अन्य कागजातको प्रतिलिपि निवेदकले पेश गरेको सक्कल कागजात सहित बाढी पिडित समितिमा पेश गर्नु पर्नेछ । समितिमा पेश गरीएको निवेदन अनुसार समितिको निर्णय गरी परिचयपत्रको प्रतिलिपी निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ५
## परिचय पत्र विवरण को आधार, प्रकृिया र वर्गीकरण

**११. बाढी पिडितको बर्गिकरण:**

यस निदेर्शिका बमोजिम बाढी पिडितहरुको बर्गिकरण देहाय अनुसार गरिएको छ ।

१) "क" बर्ग : परिवारको नाममा रहेको सम्पूर्ण सम्पत्ति बाढीबाट क्षति भई सुकुम्बासी भएको वा बाढीका क्रममा परिवारका सदस्य गुमाएको,

२) "ख" बर्ग : परिवारको नाममा रहेको सम्पत्ति मध्ये घर जग्गा बाढीबाट गुमाएको,

३) "ग" बर्ग :परिवारका नाममा रहेको जग्गा मात्र गुमाएको वा अस्थायी घर टहरा गुमाएको,

४) "घ" बर्ग माल समानमात्रगुमाएको,

५) "ङ" बर्ग बाढी पिडितको अन्य ठाउँमा घर वा जमिन वा अन्य चल अचल सम्पति रहेको सो कुरा

६) "च" निजको हालको आर्थिक अवस्था रोजगारी को अवस्था, बार्षिक आय, परीवारको संख्या, हाल प्रयोग गरीरहेको आवासको अवस्था, वालवालीकाको संख्या र नीजहरुको अध्ययन अध्यापनको अवस्था,

**१२. सुविधा तथा सहुलियतः**

१) सेवा शुल्कमा छुट सम्बन्धमा,

क) "क" बर्ग नगरपालिकाबाट प्रदान हुने बिभिन्न सेवामा नगरपालिका कर तथा सेवाशुल्कमा ७५ प्रतिशत छुट दिइनेछ,

ख) "ख" बर्ग नगरपालिकाबाट प्रदान हुने बिभिन्न सेवामा नगरपालिका कर तथा सेवा शुल्कमा ५० प्रतिशत छुट दिइनेछ,

ग) "ग" बर्ग नगरपालिकाबाट प्रदान हुने बिभिन्न सेवामा नगरपालिका कर तथा सेवा शुल्कमा २५ प्रतिशत छुट दिइनेछ,

घ) "घ" बर्ग नगरपालिकाबाट प्रदान हुने बिभिन्न सेवामा नगरपालिका कर तथा सेवा शुल्कमा १५ प्रतिशत छुट दिइनेछ,

**१३. आरक्षण सम्बन्धी व्यवस्था :**

नगरपालिकाबाट संचालन हुने विभिन्न सिपमुलक तालिमहरु एवं स्वरोजगार सम्बन्धी कार्यक्रमहरुमा बाढी पिडितहरुका लागि १० प्रतिशत आरक्षणको व्यवस्था गरिनेछ । उक्त १० प्रतिशतलाई १०० प्रतिशत मानी "क" बर्गको बाढी पिडितलाई ५० प्रतिशत आरक्षण, "ख" बर्गको बाढी पिडितलाई २५ प्रतिशत आरक्षण, "ग" बर्गको बाढी पिडितलाई १५ प्रतिशत आरक्षण र "घ" बर्गको बाढी पिडितलाई १० प्रतिशत आरक्षणको व्यवस्था गरिनेछ आरक्षण सम्बन्धी अन्य पद्धति तोके बमोजिम हुनेछ ।

**१४.परिचय पत्रको ढाँचा तथा आकार:**

बाढी पिडित परिचय पत्रको ढाँचा अनुसूची–१ बमोजिम हुनेछ । यसको आकार नेपाली नागरकिताको प्रमाण पत्र साइजको हुनेछ ।

**१५. अवधि समाप्त हुने:**

बाढी पिडित परिचय–पत्रको अवधि परिचय पत्र जारी भएको मितिले ३ बर्षमा स्वत: समाप्त हुनेछ ।

## परिच्छेद -६

**१६.विविध**

१) मापदण्ड बनाई लागु गर्न सक्ने : यस कार्यविधिको उद्देश्य पुर्तिको लागि समितिले आवश्यक निर्देशिका र कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

२) प्रचलित कानुन वमोजिम हुने : यस ऐनमा लेखिएका कुरा यसै ऐन वमोजिम र अन्य कुरा प्रचलित कानुन वमोजिम हुनेछ ।

३) संशोधन सम्बन्धि व्यवस्था: यस कार्यविधिमा संशोधन तथा हेरफेर गर्नु पर्ने वान्छनीय भएमा नगरकार्यपालिकाले संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

४) बचाउ तथा खारेजी :

क) नगरपालिकाको बाढी पिडित परिचय पत्र वितरण निर्देशिका २०७४ खारेज गरिएकोछ ।

ख) उपदफा (४) खण्ड (क) बमोजिम खारेज भएका कानून बमोजिम भए गरेका कामकाजहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।



नि.प्रमुख प्रशासकीय अधिकृत

अनुसूची–१
महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

फोटो

## बाढी पिडित परिचय–पत्र

क.स. ...........
नामः-.............................................
ठेगानाः-............................
बाढीबाट क्षति विवरणः-..............................
ना.प्र.प.नं. र जारी मितिः-............................
बाढीबाट क्षति भएको मितिः-.........................
बर्गः-............................
परिचय पत्र जारी गर्नेको    जारी हुने मिति
नाम, थरः-
पदः-
दस्तखतः-

घर परिवारको विवरणः
१. .................
२. .................
३. .................
४. .................
५. .................
६. .................
७. .................
८. .................
९. ......



नि. प्रमुख प्रशासकीय अधिकृत